# जटायु

त्रेता मा त सिता लुटिइन
कलि को के कुरा ?

जब सिता को दिन दहा डै
अपहरण हुन थाल्छ
कलि मा
राबाण जुंगा ताउ लगाउँदै,मुसार्दै
बिजय को दम्भ ले
पुश्पक तान्न थाल्छ
अनि तिमी के चुप लागेर बस्थ्यौ ?
औडहा हुन्नछ तिमीलाइ
तिमी जटायु !
राचेल जटायु !

यो कलि मा तिमी फेरि जन्मंछौ
राबण सित लड्नु
तिम्रो उदेश्य
जीवन उदेश्य
सात समुंद्र तरेर
लड्छौ सिता सुरक्षार्थ
नि शस्त्र
सुंतले लुगामा
टल्कने लुगामा
पिलर मथि चडेर
राबण लाइ छेक्न
राबण सेना लाइ रोक्न
उस्का जंगि बहान रोकन
फेरि अर्को घर भत्किइन बाट रोकन

तिम्रो जस्तो मन उस्को के हुंथ्यो ?
उ सानो राबण को सारथि

तिम्रो छाति माथि
दगुराउँछ फलामे बहान
तिमीलाइ छिया छिया पारेर
राबण दंग पर्छ

तिम्रो रगत को टाटो न सुक्दै
फेरि महा राबण जन्म भै सकेकोछ
देखि रहेछु
तेल मा पोलेर मानिसको साँप्रो
चपाइ रहेछ
उस्का दारा बाट रगत तप तप धर्ति मा

तिमी एक जटायु !
थाहा छैन अब महा राबण छेक्न
यो मृत्यू - युद्ध रोक्न
जटायु फेरि आउने छ छैन
तिमी राचेल जटायु फेरि आउने छौ छैनौ
राम नै धनु बाण छोडेर भागिसकेको यो युध्दमा

यो युध्दमा कति मृत्यू चपाएर
राबण बिजय को इतिहास लेख्नेछ ?

बिदुर चाँहिदैन
घर घर मा बसेर हामी हेरिरहेछौं
युद्धशाला बाट
मसान शाला बाट
चित्र आइ रहेछ
रियल टाइम चित्र

सदाबाहर तिम्रो पाठशाला
कहिले तिम्रो फेरि भौतिक जन्म हुने छ?
सदबाहर परि भएर तिमी जन्मि सकेछौ
मन मन मा, बस्ति बस्ति मा
तिमी राचेल जटायु !

यो युग को जटायु !

+++++